नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०७५/०७/११

प्रेस विज्ञप्ति

चीनको औपचारिक भ्रमणमा रहनुभएका माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल र चीनका वरिष्ठ राजनीतिक तथा सुरक्षा निकायका नेतृत्वहरूबीच भेटवार्ता भई नेपाल र चीनबीचको परम्परागत सम्बन्धलाई थप प्रगाढ र गतिशील तुल्याउने बारेमा विभिन्न महत्वपूर्ण विषयमा छलफल भएको छ । २०७५/०७/०९ अर्थात २६ अक्टोवर २०१८ मा चीनका केन्द्रीय सैन्य आयोगका उपाध्यक्ष महामहिम सु छियालिङ्गसँग र २०७५/०७/१० अर्थात २७ अक्टोवर मा चीनका रक्षा मन्त्री वेइ फेङ्सँग उहाँहरूको कार्यालयमा छुट्टा छुट्टै शिष्टाचार भेटघाट गर्नुभयो । भेटवार्तापछि माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री र चीन सरकारका रक्षा मन्त्रीबीच नेपाललाई १५ करोड युयान (करिब २ अर्ब ६० करोड नेपाली रुपैयाँ) बराबरको सहायता उपलब्ध गराउने सम्झौता पत्रमा हस्ताक्षर भयो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पोखरेललाई चिनियाँ सरकारको तर्फबाट एक सैनिक टुकडीले उहाँको सम्मानमा चिनिय जनमुक्ति सेनाको मुख्यालयमा सम्मान गारत अर्पण गरेको थियो । सो अवसरमा नेपाल र चीन दुवै देशका राष्ट्रिय धुन पनि बजाइएको थियो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पोखरेललाई आफ्नो कार्यालयमा स्वागत गर्नुहुँदै चीनका रक्षा मन्त्रीले नेपाल र चीन असल छिमेकी मुलुक हुनुका साथै दुई देश बीच शताब्दीयौं पूर्वदेखि मैत्रीपूर्ण सम्बन्ध कायम रही आएको चर्चा गर्दै बेइजिङमा आयोजित आठौं सियाङसान फोरममा उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले दिनुभएको सारगर्भित मन्तव्यका लागि बधाइ ज्ञापन गर्नुभयो । समान संस्कृति र सभ्यता बोकेका नेपाल र चीनबीच परापूर्व कालदेखि घनिष्ट सम्बन्ध रही आएकोमा हालका दिनमा उच्च राजनीतिक भ्रमणले दुई देशबीच विश्वास र सद्भावना अभिवृद्धि गर्न तथा आपसी सहयोगका क्षेत्रलाई थप फराकिलो बनाउन सहयोग पुऱ्याएको विचार व्यक्त गर्नुभयो ।

चीनका केन्द्रीय सैनिक आयोगका उपाध्यक्ष महामहिम सु छियालिङ्गले नेपालको आर्थिक सामाजिक विकासमा सहयोग गर्न चीनको तर्फबाट सदैव सहयोग रहने कुरा व्यक्त गर्नुभएको थियो ।

भेटवार्ताका क्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पोखरेलले नेपाल चीनबीचको सम्बन्ध पञ्चशील, शान्तिपूर्ण सहअस्तित्व,पारस्परिक सम्मान र एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तबाट निर्देशित भएको बताउँदै नेपालले चीनसितको सम्बन्धलाई उच्च महत्वका साथ अघि बढाउन चाहेको कुरा व्यक्त गर्नुभयो । नेपाल एक चीननीतिको पक्षमा सदैव प्रतिबद्ध रहेको र चीनको सुरक्षा सरोकारका विषयलाई संवेदनशीलताका साथ ग्रहण गर्दै नेपाल-चीन सिमानामा चीनविरोधी कुनै पनि घटना हुन नदिने दृढता उहाँले व्यक्त गर्नुभयो ।

नेपालका प्रधानमन्त्री श्री केपी शर्मा ओलीले सन् २०१६ र २०१८ मा चीन भ्रमण गर्नुभएको कुरा संस्मरण गर्दै चीनसँग भएको पारवहन यातायात सम्झौता तथा नेपाल चीनबीच रेल मार्गको विकास गर्ने समझदारीले नेपाल र चीनबीच आगामी दिनमा सम्पर्क विस्तार गर्न तथा व्यापार र लगानी सम्बन्धलाई थप सुदृढ तुल्याउन ठुलो सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले नेपालमा सन् २०१८ मा आएको महाभूकम्पबाट पीडितहरुको उद्धार र राहत कार्यमा चीनको सहयोगको प्रशंसा गर्नुभयो । साथै सो भेटमा चीन सरकारले नेपालको सैन्य क्षेत्र र विपद् व्यवस्थापनमा गरेको सहयोगप्रति माननीय रक्षामन्त्रीले चीनप्रति कृतज्ञता प्रकट गर्नुभयो ।

नेपालले चीनबाट खासगरी विभिन्न प्रकारका सैन्य सामग्री,उद्धार तथा विपद् व्यवस्थापनसँग सम्बन्धित विभिन्न उपकरणहरू,सैनिक अस्पतालको लागि आवश्यक चिकित्सा उपकरणहरू, क्षमता विकास सम्बन्धी तालिम, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना लगायतका विषयमा सहयोगको अपेक्षा राखेको कुरा माननीय उपप्रधानमन्त्रीज्यूले भेटवार्ताको क्रममा राख्नुभयो । उहाँले दुई देशबीच सम्पर्कलाई सुदृढ बनाउन विगतमा भएका समझदारी अनुसार दुई देशका प्रमुख व्यापारिक नाकाहरूलाई जोड्ने गरी यथाशीघ्र रेलमार्गको निर्माण गर्न आवश्यक भएको र यो विषयलाई आगामी दिनमा प्राथमिकतामा राखी कार्यान्वयन गरिदिन चीन सरकारलाई विशेष अनुरोध गर्नुभयो ।

प्रत्युत्तरमा चीनका केन्द्रीय सैनिक आयोग महामहिम सु छियालिङ्ग तथा रक्षा मन्त्री जनरल वेइ फेङ्ले नेपालको आर्थिक सामाजिक तथा सैन्य क्षेत्रको विकासका लागि आवश्यक सहयोग उपलब्ध गराउन चीन सरकार सदैव सकारात्मक रहेको र आगामी दिनमा रेल मार्ग लगायतका पूर्वाधारहरू निर्माण गर्न चीनको तर्फबाट सक्दो सहयोग उपलब्ध हुने विश्वास दिलाउनुभयो ।

शिष्टाचार भेटघाटको अवसरमा चीनका लागि नेपालका महामहिम राजदूत श्री लीलामणि पौड्याल लगायत माननीय उपप्रधानमन्त्रीज्यूको भ्रमणदलका सदस्यहरूको उपस्थिति थियो ।

माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको सम्मानमा बेइजिङस्थित नेपाली राजदूतावासले दशैं, तिहार, छठ लगायतका नेपालका महत्वपूर्ण सामाजिक, सांस्कृतिक पर्वको उपलक्ष्यमा नेपाली समुदायबीच भेटघाट तथा शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना गरेको थियो । सो अवसरमा उहाँले लामो राजनीतिक संक्रमणपश्चात् संविधान सभाबाट नयाँ संविधान जारी भई तथा संघ ,प्रदेश र स्थानीय तहमा जननिर्वाचित सरकार गठन भैसकेको र सरकार आर्थिक प्रगति र समृद्धिलाई मुख्य एजेण्डा बनाएर अघि बढिरहेको औंल्याउनुभयो । यस क्रममा चीन लगायत विभिन्न मुलुकमा रहेका नेपाली समुदायले आफूले विदेशमा आर्जन गरेका ज्ञान, सीप र पूँजीलाई नेपालको विकासमा लगाउन हार्दिक आह्वान गर्नुभयो । कार्यक्रममा उहाँले नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुधार्मिक मुलुक भएकाले यस्ता चाडपर्वहरू सामाजिक सद्भाव र राष्ट्रिय एकता अभिवृद्धिका लागि महत्वपूर्ण कडी रहेको तथ्य नेपाली समुदायलाई शुभकामना दिने क्रममा व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागी हुने क्रममा राजदूतावास प्राङ्गणमा पुग्नुहुँदा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूलाई चीनका लागि नेपालका राजदूत महामहिम लीलामणि पौड्याल लगायत राजदूतावासका कर्मचारी तथा बेइजिङ्गमा विभिन्न पेशा व्यवसाय गरी बसेका नेपाली समुदायका विभिन्न महानुभावहरूले हार्दिक स्वागत गर्नुभएको थियो ।

०७५/६/११

बाबुराम गौतम

प्रवक्ता/सहसचिव

रक्षा मन्त्रालय